च. नं. : १३७/२०७८/०७९

मिति : २०७८/०५/११

श्री सुपरिवेक्षण विभाग,
नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

**विषय : जानकारी पठाईएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा निष्काशन गर्न लागिएको तेह्रथुम पावर कम्पनी लिमिटेडको रु.१००/- अंकित दरका १२,००,००० कित्ता साधारण शेयर मध्ये ८,००,००० कित्ता शेयर सर्वसाधारणहरुको लागि मिति २०७८/०५/०९ गते देखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा उक्त शेयरको लागि माग गरे भन्दा बढी रकमको लागि आवेदन प्राप्त भएकोले भोलि मिति २०७८/०५/१३ गतेको **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित गरिने सो कम्पनीको निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचनाको नमुना तहाँको जानकारी तथा अभिलेखका लागि पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

.....................
**रोश्ना मानन्धर**
**प्रमुख-मर्चेन्ट बैंकिङ्ग**

**बोधार्थ :**

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड., पुतलीसडक, काठमाण्डौं ।

श्री नेपाल स्टक एक्सचेन्ज, सिंहदरबारप्लाजा, काठमाण्डौं ।

श्री विद्युत नियमन विभाग, सानो गौचरण, काठमाण्डौं ।

श्री तेह्रथुम पावर कम्पनी लिमिटेड, बागबजार, काठमाण्डौं ।

# तेह्रथुम पावर कम्पनी लिमिटेड
# Terhathum Power Company Limited

रजिष्टर्ड कार्यालयः
काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, बागवजार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२५३३८७, इमेलः terhathumpc@gmail.com वेभसाइटः www.terhathumpc.com

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

तेह्रथुम पावर कम्पनी लिमिटेडको प्रति शेयर रू.१००/– अंकित दरको ८,००,००० कित्ता मध्ये ५ प्रतिशत अर्थात ४०,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँट गरिएको र जारी पूँजीको २ प्रतिशत अर्थात १६,००० कित्ता साधारण शेयर कर्मचारीहरूको लागि सुरक्षित गरि बाँकी रहने ७,४४,००० कित्ता साधारण शेयरहरू मिति २०७८ भाद्र ९ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवश्यकता भन्दा बढी शेयरका लागि दरखास्त पर्न आएकोले **आज मिति २०७८ भाद्र १३ गते(बैंकिङ्ग समय पश्चात)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न संकलन केन्द्रहरू ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरूले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७८ भाद्र १३ गते बैंकिङ्ग समय पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरू, लगानीकर्ता आवेदकहरू, सम्पूर्ण संकलन केन्द्रहरू, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरू, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरूमा धन्यवाद ज्ञापन गर्दछौं ।

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी**

| विवरण | वास्तवित | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७४/७५ | आ.व.०७५/७६ | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८।०३ | ९७।६५ | ८४।७४ | ८२।४४ | ९०।९५ | १०१।०२ |
| प्रति शेयर आम्दानी (रु.) | (०।७६) | (०।७१) | (१२।९०) | (६।८८) | ८।५१ | १५।०७ |
| संचित नाफा/नोक्सान (रु.हजारमा) | (४,६०८।४१) | (६,५९०।२३) | (४,२७१।९२) | (७,०२४।२७) | (३,६२१।६६) | ४,०६२।२५ |

**प्रति मेगावाट लागत सम्बन्धी विवरणः**
संगठित संस्थाद्वारा प्रवर्द्धित माथिल्लो खोरूङ्गा खोला साना जलविद्युत आयोजनाको प्रति मेगावाट लागत निर्माण अवधिको व्याज (IDC) सहित रू.१७,८८,९३,३३३/३३ (अक्षेरूपी सत्र करोड अठासी लाख त्रियानव्वे हजार तिन सय तेत्तीस रूपैया तेतिस पैसा मात्र) रहेको छ ।

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरणः**
माथिल्लो खोरूङ्गा खोला साना जलविद्युत आयोजनाका विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७३/०५/०८ देखि २१०६/११/०६ सम्म रहेकोले हाल २९ वर्ष बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः**
माथिल्लो खोरूङ्गा खोला साना जलविद्युत आयोजनाका लगानी फिर्ता हुने अवधि (Pay Back Period) ८.०९ बर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ११.६६ बर्ष रहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागतः**
माथिल्लो खोरूङ्गा खोला साना जलविद्युत आयोजनाको ७.५ मे.वा. कुल लागत रू.१,३४,१७,१०,००८/८७ रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

**यस तेह्रथुम पावर कम्पनी लिमिटेडलाई इक्रा नेपाल लिमिटेडले मिति २०२१/०१/०४ मा "समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहने "[ICRANP -IR] BB- Prounced as ICRANP Issuer Rating Double]" रेटिङ्ग प्रदान गरेको छ। उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०२२/०१/०३ सम्म रहनेछ।**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

मिति २०७८ भाद्र १३ गतेक आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal